नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च.नं.: -

## प्रेस विज्ञप्ति

कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारका लागि सम्माननीय प्रधानमन्त्रीज्यूबाट प्राप्त निर्देशनहरुको पूर्ण कार्यान्वयन गर्न/गराउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय क्रियाशील रहेको छ।

गृह मन्त्रालयका अनुसार २०७८/०२/०५ गतेका दिन देशभरका विभिन्न सीमानाकाहरुबाट २,५२२ नेपाली नागरिकहरुले नेपाल प्रबेश गरेका छन्। देशभर ३१,००० भन्दा वढी आईसोलेसन सेन्टरहरुको व्यवस्थापन गरिएको छ। सो मध्ये करीब १,५०० जति अक्सिजन सहितको आईसोलेसन सेन्टरहरु रहेका छन्। अक्सिजन उत्पादन, आपूर्ति र वितरणलाई प्रभावकारी बनाउन २०१ स्थानमा अनुगमन भएको छ। कोभिड संक्रमितको उपचारार्थ डेडिकेटेड रुपमा देशभर ४४२ अस्पतालहरु सञ्चालनमा आएका छन्। विभिन्न जिल्लामा रहेको जिल्ला अस्पताल र अन्य अस्पतालहरुलाई कोभिड डेडिकेटेड अस्पतालको रुपमा सञ्चालन गर्ने क्रम बढ्दै गएको छ। उल्लिखित अस्पतालहरुमा सामान्य बेडहरुको संख्यामा पनि उल्लेख्य वृद्धि भै १८,००० पुगेको छ। साथै, ३,००० एच.डी.यू. बेड, २,००० आई.सी.यू. बेड र ७०० भेन्टिलेटरहरुको प्रबन्ध गरी उपचार भैरहेको जनाईएको छ ।

नेपाल प्रहरीका अनुसार स्थानीय प्रशासनले हाल सम्म ९,३५३ अक्सिजन सिलिण्डर विभिन्न स्रोतबाट संकलन गरी विभिन्न अस्पताललाई ८,३५२ अक्सिजन सिलण्डर वितरण गरेको छ । विगत २४ घण्टामा २१३ अक्सिजन सिलिण्डर संकलन गरी ३०४ अक्सिजन सिलिण्डर वितरण गरिएको विवरण प्राप्त भएको छ। विगत २४ घण्टामा ५,४९० सवारी साधनलाई होल्डिङमा राखिएको छ भने ५२१ जना निशेधाज्ञा उलंघन गर्नेलाई कारवाही गरिएको छ ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार नेपाल सरकारबाट भन्सार महसुल लगायत शुल्क तथा कर छुट दिई आयात गरिएका कोभिड-१९ संक्रमित विरामीको उपचारमा प्रयोग हुने औषधी तथा उपकरणको अधिकतम खुद्रा मूल्य तोकी बिक्री गर्ने सम्बन्धमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागबाट मिति २०७८/०२/०५ मा सूचना जारी गरेको छ। वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागबाट काठमाडौं उपत्यकामा २ टोली परिचालन गरी खाद्यान्न र औषधी पसलहरुको अनुगमन गरिएको र अनुगमनको क्रममा २० हजार जरिवाना गरेको जनाईएको छ।



टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np

नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च.नं.: -

अर्थ मन्त्रालयका अनुसार कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारका लागि प्रयोग हुने ५,३७,८५५ पिस विभिन्न मेडिकल उपकरणहरु, १२,५७४ एम.टी.क्यू. अक्सिजन तथा औषधिहरु पैठारी भएको छ। गुल्मी अस्पतालमा कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचारका लागि ५ बेडको आई.सी.यू. सञ्चालन गर्न रु. २ करोडको सीमाभित्र रही खरीद प्रक्रिया अगाडि बढाउन सहमति प्रदान गरिएको जनाईएको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार गत २४ घण्टामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका साथै पोखरा र लुक्ला विमानस्थलबाट विभिन्न वायुसेवाले ६१ आन्तरिक उडान भरी ९३ यात्रुको उद्धार गरिएको अवस्था छ। स्पेनको स्वास्थ्य सामग्री सहितको टोली आज १२:०० बजे त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेको जनाईएको छ।

परराष्ट्र मन्त्रालयका अनुसार स्पेनबाट सहयोग स्वरूप प्राप्त हुने स्वास्थ्य सामग्रीहरू (१५ भेन्टिलेटर, १० अक्सिजन कन्सन्ट्रेटर, १,४४,००० एन्टिजेन टेस्टकिट, १,४४,००० एफ.एफ.पी.टु. मास्क र ६० सिलिन्डर) लिइ आइबेरियन एयरलाइन्स्को विमान आज दिउँसो १२.३० बजे त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण भएको छ। नेपालका लागि स्पेनिस एजेन्सी फर इन्टरनेसनल डिभलपमेन्ट कोअपरेसन का निर्देशक म्यागडी मटिनेज सोलिमनले माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्रीज्यूलाई उक्त सामान हस्तान्तरण गर्नुभएको जानकारी गराईएको छ। त्यसैगरी, क्यानाडामा रहेको एस्ट्राजेनेका भ्याक्सिन मध्ये नेपाललाई सहयोगका लागि माननीय परराष्ट्र मन्त्रीज्यूबाट समकक्षीलाई पत्राचार गरिएको जनाईएको छ।

कोभिड-१९ को बढ्दो संक्रमणबाट जोगिनका लागि जनस्वास्थ्यका मापदण्डहरुको पूर्ण परिपालना गर्ने/गराउने कार्यमा सक्रियताका साथ सरीक हुन सम्बद्ध सबैमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हार्दिक अपिल गर्दछ।

२०७८/०२/०६

किरणराज शर्मा
प्रवक्ता



टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np